म.प.बै.सं. ३५।०८१

## संवत् २०८१ साल फाल्गुन १ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः इन्जिनियरिङ्ग सेवाका विभिन्न कर्मचारीहरुलाई पदस्थापन गर्ने।

२. शिक्षा तथा संस्कृति मन्त्रालयः मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ अभियान कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ स्वीकृत गर्ने।

३. प्रादेशिक अस्पताल, सिराहामा कार्यरत स्वास्थ्य सेवा, ज.हे.स. समूह, अधिकृत एघारौं तहका प्रमुख मेडिकल सुपरिण्टेण्डेण्ट डा. सुनिल प्रसाद कुशवाहा (क.सं.नं.२०४७७४) लाई प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा २५ बमोजिम प्रदेश स्वास्थ्य आपुर्ती व्यवस्थापन केन्द्र, मधेश प्रदेशमा रिक्त रहेको निर्देशक पदमा सरुवा गर्ने।

४. मधेश प्रदेशको चालु आर्थिक वर्ष २०८१।८२ को वार्षिक कार्यक्रममा समावेश भएको आयोजना तथा कार्यक्रममा रहेका सामान्य प्राविधिक तथा भाषागत त्रुटिहरु आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धित मन्त्रालयले अर्थ मन्त्रालयको सहमित लिई आयोजना तथा कार्यक्रमको बजेट, परिमाण, इकाई, लक्ष्य, उद्देश्य, स्थान र आशयमा तात्विक फरक नपर्ने गरी सच्याएर कार्यान्वयन गर्ने।

५. ऊर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय, मधेश प्रदेशमा कार्यरत प्रदेश सचिव श्री जक्की अहमद अन्सारी (क.सं.नं. १४३०३७) लाई खटिएकै निकायबाट तलब भत्ता भुक्तानी हुनेगरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेशमा कामकाजमा खटाउने ।

६. जलस्रोत तथा सिंचाई विकास डिभिजन, बारामा पदाधिकार रही हाल ऊर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय, मधेश प्रदेशमा कार्यरत ईन्जनियरिङ्ग सेवा, सिभिल समूह, इरिगेशन उपसमूह, अधिकृत दशौं तहका सिनियर डिभिजनल इन्जिनियर श्री राम कुमार खंग (क.सं.नं. १५३८४७) लाई अर्को व्यवस्था नभएसम्मको लागि ऊर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय, मधेश प्रदेशको आर्थिक तथा प्रशासनिक अधिकार सहितको निमित्त प्रदेश सचिवको जिम्मेवारी तोक्ने।

म.प.बै.सं. ३६।०८१

## संवत् २०८१ साल फाल्गुन १२ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश लोक सेवा आयोग, मधेश प्रदेशबाट सिफारिस भई आएका विभिन्न उम्मेदवारहरुलाई स्थायी नियुक्ति गरी पदस्थापन गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालः प्रदेश निजामति सेवा (पहिलो संशोधन) नियमावली, २०८१ स्वीकृत गर्ने।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालः राष्ट्रिय योजना आयोगमा सङ्घीय समपूरक र विशेष अनुदान प्रस्ताव गर्ने।

४. भौतिक पूर्वाधार विकास मन्त्रालयः आर्थिक वर्ष २०८१/०८२ को लागि ५ जनाको अस्थायी दरबन्दी स्वीकृत गर्ने।

५. शिक्षा तथा संस्कृति मन्त्रालयः मधेश प्रदेश शिक्षा नीति, २०८१ स्वीकृत गर्ने।

६. शिक्षा तथा संस्कृति मन्त्रालयः मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ अभियान अन्तर्गतका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्न आ.ब. २०८१/८२ को लागि ४ जनाको अस्थायी दरबन्दी स्वीकृत गर्ने।

द्रष्टव्यः निर्णयसँग सम्बन्धी विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

७. श्रम तथा यातायात मन्त्रालयः गुठी संस्थानसंग प्रचलित कानून बमोजिम आवश्यक जग्गा लिजमा लिन सहमति दिने।

८. स्वास्थ्य निर्देशनालय, मधेश प्रदेशमा कार्यरत स्वास्थ्य सेवा, हेल्थ ईन्सपेक्सन समूह, अधिकृत एघारौं तहका निर्देशक श्रवण कुमार नायक (क.सं.नं.१८६५८३) लाई खटिएकै निकायबाट तलब भत्ता भुक्तानी हुनेगरी स्वास्थ्य तालिम केन्द्र, बारामा कामकाज गर्न खटाउने ।

९. स्वास्थ्य तालिम केन्द्र, बारामा कार्यरत स्वास्थ्य सेवा, हेल्थ एजुकेशन समूह, अधिकृत एघारौं तहका निर्देशक सरोज चन्द्र न्यौपाने (क.सं.नं.२२५१७१) लाई खटिएकै निकायबाट तलब भत्ता भुक्तानी हुनेगरी स्वास्थ्य निर्देशनालय, मधेश प्रदेशमा कामकाज गर्न खटाउने ।